बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

# प्रेस विज्ञप्ति

**कोरोना संक्रमित स्थान (रेड जोन) बाट म्याग्दी प्रवेश गर्न चाहने आदरणीय महानुभावहरूमा बेनी नगरपालिकाबाट जारी हार्दिक अपिल !**

आजका दिनमा म्याग्दी सक्रिय कोरोना बिरामी नभएको कोरोना मुक्त जिल्ला अर्थात ग्रीन जोनमा रहेको छ ! अत्यावश्यक कामले म्याग्दी बाहिर संक्रमित स्थान बाट (रेड जोनबाट) म्याग्दी (ग्रीन जोनमा) आउन पर्ने आदरणीय महानुभावहरूले बेनी नगरपालिका लगायत म्याग्दी जिल्ला र जिल्लाबासीको सुरक्षालाई मध्यनजर गरि एक सचेत नागरिकको रूपमा आफ्नो कारणले म्याग्दीमा कोरोना नफैलियोस् भन्ने कुरालाई हेक्का राखि म्याग्दी आउन चाहने नागरिकले निम्न व्यवस्थाको पालना अनिवार्य रूपमा गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं ! यो व्यवस्थाको विपरीत कोही कसैले गतिविधि गरेमा ग्रीन जोनमा रहेको म्याग्देली समाजलाई ठुलो हानी पुग्न सक्ने भएकोले सोको जिम्मेवार सोहि व्यक्ति हुने र प्रचलित कानुन बमोजिम कडा कारवाहि हुने व्यहोरा समेत सबैमा जानकारी गराउदछौं !

१.अत्यावश्यक काममा बाहेक हालको अवस्थामा संक्रमित स्थान (रेड जोन) बाट म्याग्दी आउने कार्यक्रम स्थगित गर्ने !
२.आउनै पर्ने अवस्था भए स्थानीय तह, स्थानीय प्रशासनसंग समन्वय गरेर मात्र आउने !
३.सम्भव भएसम्म पछिल्लो ४८ घण्टाको पिसिआर रिपोर्ट सहित आउने !
४.म्याग्दी आउने सवारी साधनमा यात्रा गर्दा यात्रामा विशेष सावधानी अपनाउने ! स्वास्थ्य मापदण्डको पुर्ण पालना गर्ने !
५.यात्रामा सकेसम्म घरबाटै बनेको खाना, नास्ता प्रयोग गर्ने !
६.भौतिक दुरी कायम गरि सवारी साधन प्रयोग गर्ने !
७.बाटोका संक्रमित ठाउँहरूमा किनमेल नगर्ने !
८.बेनी प्रवेश गर्दा होल्डिङ सेन्टरमा अनिवार्य आफ्नो विवरण दिने, होम क्वारेन्टाइन फारम भर्ने !
९.आफ्नो स्थानीय तह, वडापालिका,कार्यालय वा होटल भए होटलमा तुरुन्तै सम्पर्क र समन्वय गर्ने !
१०. म्याग्दी प्रवेश गरेपछि तत्काल कसैसँग भेटघाट,सम्पर्क नगर्ने ! सिधा घर,होटल,कार्यालय निवास जहाँ बस्ने हो त्यहाँ पुग्ने र अनिवार्य १४ दिन होम क्वारेन्टाइनमा बस्ने !
११. क्वारेन्टाइन बसेको अवधिमा कोरोनाको लक्षण देखिए तुरुन्तै स्थानीय तह,स्थानीय प्रशासन वा अस्पतालमा खबर गर्ने !
१२.आफ्नो घरमा क्वारेन्टाइन बस्ने अवस्था नभए स्थानीय तहले तयार गरेको क्वारेन्टाइनमा बस्ने !

म्याग्दी आजसम्म सुरक्षित छ ! तपाई हाम्रो सानो लापरबाहीले पनि भोलीका लागि भयावह हुनसक्छ ! माथिका व्यवस्था अनिवार्य रूपमा पालना गरिदिनु हुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछौं !

हरिकुमार श्रेष्ठ
नगर प्रमुख